आज मिति २०७६ बैशाख २ गते सोमबार दिनको २:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ७१ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहायबमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | १ नं. वडाका वडा अध्यक्ष श्री जय थापा मगर | सदस्य | |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | सदस्य | |
| ५. | ३ नं. वडाका कार्यबाहक वडा अध्यक्ष श्री कर्ण बहादुर श्रेष्ठ | सदस्य | |
| ६. | ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खड्का | सदस्य | |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | सदस्य | |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | सदस्य | |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | सदस्य | |
| १०. | ८ नं. वडाका अध्यक्ष श्री राज कुमार लामा | सदस्य | |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | सदस्य | |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमापहरी | सदस्य | |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | सदस्य | |
| १५. | महिला सदस्य श्री लक्ष्मी भण्डारी | सदस्य | |
| १६. | महिला सदस्य श्री कविता खत्री | सदस्य | |
| १७. | महिला सदस्य श्री शारदा आचार्य | सदस्य | |
| १८. | महिला सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १९. | महिला सदस्य श्री मिना मगर | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री घनश्याम न्यौपाने | सचिव | |

**अन्य उपस्थिती** :-

१. वरिष्ठ अधिकृत श्री दिपक कुमार के.सी.

मिति २०७५/१२/२९ गते नगर प्रमुखज्यूबाट मिति २०७५/१/२ गते नगर कार्यपालिकाको ७१ औं कार्यपालिका बैठकमा पेश गर्न आदेश भई नगरकार्यपालिका बाट निर्णयका लागी पेश भएका विषयहरु छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

| | | | |
|---|---|---|---|
| १ | विद्यार्थी भर्ना अभियान सम्बन्धमा । | | • नयाँ शैक्षिक सत्र २०७६ को लागी सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको संख्या वृद्धि गर्न सम्बन्धित विद्यालयहरुले मिति २०७६ बैशाख १० गतेसम्म भर्ना अभियान संचालन गर्ने निर्णय गरियो । |
| २ | शैक्षिक क्यालेन्डर स्वीकृत गर्ने सम्बन्धमा । | | • नगर शिक्षा समितिले शैक्षिक सत्र २०७६ को लागी तयार पारेको शैक्षिक पात्रो २०७६ स्वीकृत गर्ने साथै उक्त शैक्षिक पात्रो अनुसार वार्षिक कार्यक्रम संचालन गर्न यस नगरपालिका अन्तर्गत रहेका सम्पूर्ण विद्यालयहरुलाई जानकारी गराउने निर्णय गरियो । |
| ३ | खाजा कार्यक्रम सम्बन्धमा । | | • शैक्षिक सत्र २०७६ देखि ई.सि.डि. देखि कक्षा १ सम्मका विद्यार्थीहरुको स्वास्थ्य सुधारका लागी पोषण र विद्यालयमा भर्ना दर वृद्धि गर्न खाजा खुवाउने कार्यक्रम संचालन गर्ने र उक्त कार्यक्रमका लागी विद्यार्थी उपस्थितीका आधारमा आगामी नगरसभामा नगरपालिकाबाट बजेट विनियोजन गर्न नगरसभालाई पेश गर्ने साथै हाललाई विद्यालयहरुले नै आ-आफ्नो श्रोतबाट खाजा खुवाउने कार्यक्रम संचालन गर्ने निर्णय गरियो । |
| ४ | ढुङ्गा, गिटी, बालुवा, ग्रावेल र माटोको कर संकलन सम्बन्धमा । | | • चालु आ.ब.२०७५/०७६ को लागी यस नगरपालिका क्षेत्रबाट बालुवा/माटो/ग्राभेल/ढुङ्गा र रोडाको प्राकृतिक स्रोत कर तथा शुल्क उठाउन मिति २०७५/०७/०७ गते चौकोटदेवी कन्स्ट्रक्सन प्रा.लि.सँग भएको सम्झौताको बुदाँ नं. १२ मा यो "ठेक्का अवधि २०७६ साल असार मसान्त सम्म कायम हुनेछ । उक्त अवधिको कबोल अंक रु.३,६०,००,०००।- भ्याट बाहेक (अक्षरेपी तीन करोड साठी लाख रुपैयाँ मात्र) ठेक्का अंक कायम गरिएकोमा उक्त प्रा.लि.ले कबोल अंकको प्रथम किस्ता सम्झौताको बखत गर्दा १ करोड २० लाख रुपैयाँ मिति २०७५/०७/०६ मा यस कार्यालयको खातामा बैंक दाखिला गरेको हुदाँ २०७५/०७/०७ देखी २०७६ असार मसान्त सम्म ठेक्का अवधि कायम भएकोमा दोश्रो किस्ता रु.१ करोड २० लाख माघ ६ गते भित्र र अन्तिम किस्ता रु.१ करोड २० लाख र नियमानुसार हुने सम्पूर्ण मुल्य अभिवृद्धि कर (VAT) तथा अन्य कर २०७५ चैत्र २० गते भित्र द्धितिय पक्षले यस कार्यालयमा दाखिला गरी सक्नु पर्नेछ र २०७५ चैत्र २० गते भित्र तेश्रो किस्ता रकम रु. एक करोड बिस लाख नगदै वा बैङ्क ग्यारेन्टी नबुझाएमा स्वत बाँकी अवधिको उक्त ठेक्का रद्द भएको मानी २०७६ बैशाख १ गते देखि |

| | | | |
|---|---|---|---|
| | | | नगरपालिका आफैले कर संकलनको वैकल्पिक व्यवस्था मिलाउन सक्नेछ भन्ने सम्झौताको शर्त भएको तर ठेक्का सम्झौता गर्ने दोस्रो पक्ष चौकोटदेवी कन्स्ट्रक्सन प्रा.लि.ले मिति २०७५/१२/२९ मा अन्तिम किस्ता बुझाउने सम्बन्धमा भन्ने विषय सहित यस नगरपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैङ्क, फर्पिङ शाखामा रहेको खाता नं. १२००३०४०१८१०२ मा रु.१७,०७,८८५।- जम्मा गरी सक्कल भौचर र सन्राईज बैङ्कको चेक नं. ०२२०४९७५४५७०१००१ बाट रु.३३,००,०००।- यस नगरपालिकाको नामको चेक सहित जम्मा रु.५०,०७,८८५।- बुझाएको हुदाँ बाँकी रकम रु.७०,००,०००।- एवं भ्याट रकम २०७६ वैशाख १० गते बुझाउने छु भन्ने निवेदन दिएकोमा मिति २०७५/०७/०७ गतेको यस नगरपालिकाको उक्त प्रा.लि.सँग भएको सम्झौताको बुदाँ नं. १२ लाई हेर्दा अन्तिम किस्ता नबुझाए यस नगरपालिकाले आफैले कर संकलनको व्यवस्था मिलाउन सक्नेछ भन्ने भएको भएता पनि यस आ.ब. असार मसान्त सम्म यस कार्यालयसँग ९० दिन हुने र उक्त ठेक्काको लक्ष्य रकम रु.३,६०,००,०००।- भएको मध्ये बाँकी रकम रु. १,२०,००,०००।- उठाउन प्रति दिन रु.१,३३,३३३।३३ का दरले उठ्नु पर्ने देखिन्छ तर २०७५/०७/०७ को सम्झौता अनुसारको कर संकलन ठेकेदार चौकोटदेवी कन्स्ट्रक्सन प्रा.लि.ले २०७६/०१/१० गते सम्मका लागी ५० लाख जम्मा गरेको हुदाँ १० दिनका लागी प्रति दिन ५ लाख जम्मा हुने र बाँकी रकम पनि २०७६/०१/१० गते भित्र बुझाउनेछु भन्ने लिखित निवेदन दिएको र उक्त २०७५/०७/०७ को सम्झौताको बुदाँ नं. १६ मा उल्लेखित शर्तलाई समेत हेर्दा उक्त चौकोटदेवी कन्स्ट्रक्सन प्रा.लि.को निवेदनलाई स्वीकृत गरी १० दिन सम्मका लागी म्याद थप गरि उक्त सम्झौतालाई निरन्तरता सहित कर संकलन गर्ने निवेदक द्वितिय पक्ष चौकोटदेवी कन्स्ट्रक्सन प्रा.लि.लाई निम्नानुसारको शर्तको अधिनमा रहि जिम्मा दिने निर्णय गरियो ।<br><br>१. २०७६/०१/१० गते सम्ममा त्यस प्रा.लि.सँग भएको सम्झौता अनुसारको बाँकी रकम बुझाउनु पर्नेछ ।<br>२. उक्त सम्झौता र त्यस प्रा.लि.को मिति २०७६/१२/२९ को निवेदनमा उल्लेख भए बमोजिमको रकम २०७६/०१/१० गते भित्र नबुझाएमा त्यस प्रा.लि. र त्यस प्रा.लि.को प्रोपाईटरको नाममा यस कार्यालयमा बुझाएको कुनै पनि नगद,जिन्सि तथा धरौटी फिर्ता हुने छैन ।<br>त्यस प्रा.लि.को नगद वा धरौटीबाट नपुग हुने रकम त्यस प्रा.लि. एवं प्रोपाईटरबाट सम्झौताका शर्त बमोजिम सरकारी बाकी सरह यस नगरपालिकाले असुल उपर गर्न सक्नेछ । |
| ५. | केबलकार संचालन अनुमति | | • चम्पादेवी इको फ्रेण्डली प्रा.लि.को मिति २०७५/९/३ को निवेदन अनुसार मिति २०६२/७/२० मा नेपाल सरकार, वन मन्त्रालय, वन विभागसँग चम्पादेवी डाँडाको २२ हेक्टर वन क्षेत्रमा पर्यटन |

| | | | |
|---|---|---|---|
| | सम्बन्धमा । | | परियोजनाको लागि सम्झौता गरी पट्टामा लिएको थियो । सो परियोजना अनुसार निवेदकले केबलकार निर्माण र सञ्चालनको लागि वातावरणीय परीक्षण (EIA) गरी स्वीकृतीको चरणमा रहेको अवस्थामा वन विभागले अकस्मात् सम्झौता भङ्ग गरी पट्टा खारेज गरेकोले त्यसको विरुद्धमा न्यायिक उपचारको लागी अदालतमा गई सम्मानित सर्वोच्च अदालतबाट मिति २०७४/७/२८ मा उक्त पट्टा खारेज निर्णय बदर भई निवेदकले जिती पट्टा कायम रहिरहेको छ । सम्मानित अदालतबाट फैसला भएपछि परियोजनाको निरन्तरताको लागी वातावरण मन्त्रालयमा निवेदन दिदाँ EIA पुरानो भएकोले पुनः वातावरण परिक्षण EIA गराउनु पर्ने भनी पत्र दिएको छ । हाल आएर केबलकार निर्माण सम्बन्धी कार्य सामान्य प्रशासन तथा संघीय मामिला सम्बन्धी मन्त्रालय अन्तर्गत परी स्थानीय नगरपालिकाबाट नै निर्माण तथा सञ्चालन अनुमति लिई नयाँ EIA को लागि प्रकृया अगाडि बढाउनुपर्ने भएकोले निवेदकले तयार गरेको बिस्तृत परियोजना प्रतिवेदन लगायत वनको पट्टा संलग्न गरी यस नगरपालिका अन्तर्गतको चाल्नाखेल देखि चम्पादेवी सम्म जान आउन केबलकार निर्माण तथा सञ्चालन गर्न अनुमति पाउँ भनि निवेदन पेश भएको र यस नगरपालिका वडा नं. १ बाट च.नं.७६२, मिति २०७५/१०/१७ मा उक्त प्रा.लि.लाई केबलकार निर्माण तथा सञ्चालन अनुमति दिन सिफारिस भई आएको साथै यस नगरपालिकाको आर्थिक ऐन २०७५ मा तोकिए बमोजिमको केबलकार सञ्चालन अनुमति शुल्क रु. ८,००,०००। (आठ लाख) समेत राजश्व रसिद नं. ०००४१९९ बाट दाखिला भएको हुदाँ उक्त प्रा.लि.लाई ४० वर्षको लागी केबलकार सञ्चालन गर्न पाउँ भनी निवेदन गरेकोमा उक्त केबलकार निर्माण अवधि मिति २०७५/१२/१९ देखी २०७८/१२/१८ (३ वर्ष) का लागी नियमानुसारको भौगोलिक सिमाना (अक्षांश र देशान्तर) रहने गरि केबलकार सञ्चालन गर्न प्रारम्भिक निर्माण अनुमति पत्र दिने ।<br>———————————<br>उत्तर - २७ ३९' ४३.२''<br>दक्षिण - २७ ३७' ३४''<br>पूर्व - ८५ १६' ४८''<br>पश्चिम - ८५ १२' ५८'' |

| | | | |
|---|---|---|---|
| ६. | विविध | | • फर्पिङ खेलकुद विकास क्लवले आयोजना गर्न लागेको वडा नं १ देखि ९ सम्मका १४ वर्ष मुनिका युवा खेलाडीहरुका लागी संचालन हुने फुटबल प्रशिक्षणका लागी रु. १,००,०००। (एक लाख) समपुरक कोषबाट विनियोजन गर्ने ।<br>• नेपाल सिङ्ग क्याकोसिङ कराते संघले मिति २०७५/१२/२२ र २३ गते सम्पन्न भएको राष्ट्रिय मेयर कप प्रतियोगिताको लागी रु. २,५०,०००। (दुई लाख पचास हजार) समपुरक कोषबाट विनियोजन गर्ने । |